राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १३१ २०८२ मंसिर २६ गते शुक्रवार (12 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

### जेनजी-सरकारको १० बुँदे सम्झौता

# राष्ट्रिय राजनीतिदेखि सुरक्षा निकायसम्म तरंगित

दैनिक समाचारदाता

काठमाडौं, २५ मंसिर । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार बसेको नियमित बैठक विशेष चर्चाको केन्द्रमा रह्यो । बैठकअघि बुधबार नेपाल सरकार र जेनजी समूहबीच भएको १० बुँदे सम्झौताले राष्ट्रिय राजनीति, सुरक्षा निकायदेखि प्रमुख दलहरूमा गम्भीर तरंग पैदा गरेको छ।

बुधबार भएको सम्झौताले २३ र २४ भदौमा भएका जेनजी प्रदर्शनलाई ‘जनआन्दोलन’ का रूपमा औपचारिक मान्यता दिएको छ । आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूलाई ‘शहीद’ घोषणा गर्नेदेखि लिएर उठेका मागलाई संस्थागत प्रक्रियामा लैजाने प्रावधानले सम्झौतालाई राजनीतिक रूपमा अत्यन्त महत्वपूर्ण बनाएको छ । लामो समयदेखि अस्पष्ट रहेका जेनजी आन्दोलनका एजेन्डालाई कागजी स्वरूप दिन खोजिएको यो पहिलो सरकारी प्रयास हो ।



तर सम्झौता सार्वजनिक हुँदै गर्दा जेनजीभित्र नै तीव्र मतभेद सतहमा आयो । प्रधानमन्त्री सुशीला कार्कीको सरकारी निवास बालुवाटारमा भएको छलफलमा जेनजी प्रतिनिधिहरू दुई धारमा उभिए । एक समूहले सम्झौताले आन्दोलनका शहीद र घाइतेको भावना बेचेको आरोप लगाउँदै यसलाई ‘नाटक’ र ‘षड्यन्त्र’ का संज्ञा दियो । विशेषतः वार्ता टोलीका संयोजक सुदन गुरुङमाथि ‘आन्दोलन बेचेको’ आरोप तीब्र रूपमा उठ्यो । प्रधानमन्त्री कार्कीले सुदनलाई ‘मेरो जेठो छोरो’ भनेपछि वातावरण झनै तातियो, र आंशिक विवादले सम्झौताको औचित्यमै प्रश्न खडा गरिदियो ।

सम्झौताप्रति राजनीतिक दलहरूको प्रतिक्रिया पनि विभाजित छ ।

नेकपा एमालेले सम्झौताका प्रावधानलाई पूर्ण अस्वीकार गरेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले सरकारको वैधानिकता नमान्ने पार्टीको अडान दोहोऱ्याउँदै, असंवैधानिक सरकारलाई देशको प्रणालीबारे सम्झौता गर्ने अधिकार नै नभएको आरोप लगाए । ‘गोबर लगाएर टाँसेको सरकार’ भन्दै ओलीले सम्झौतामा समावेश सहिद घोषणा, संविधान संशोधन र राजनीतिक गतिविधिमा मुद्दा नचलाउने व्यवस्था अस्वीकार्य रहेको बताए । एमाले नेताहरूले उक्त सम्झौताले संविधानको मर्म र राज्य संरचनामाथि नै प्रहार गरेको जिकिर गरेका छन् ।

नेपाली कांग्रेसले पनि सम्झौताप्रति असन्तुष्टि जनाएको छ । कांग्रेसले २३ भदौको नागरिक प्रदर्शनलाई शान्तिपूर्ण आन्दोलनको रूपमा स्वीकार गरे पनि २४ भदौमा भएको हिंसात्मक घटनालाई समर्थन गर्न नसकिने बताउँदै आएको छ । पार्टी प्रवक्ता प्रकाशशरण महतका अनुसार ‘राज्यका संरचनामा आगजनी र हिंसा गरेको घटनालाई राज्यले औपचारिक मान्यता दिन मिल्दैन ।’ कांग्रेसको बुझाइमा

बाँकी ३ पृष्ठमा

## पूर्व गृहमन्त्री लेखकमाथि अख्तियारको छानबिन

दैनिक समाचारदाता

काठमाडौं, २५ मंसिर । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निवर्तमान गृहमन्त्री रमेश लेखकमाथि भ्रष्टाचारको आरोप अनुसन्धान भइरहेको जनाएको छ ।



अख्तियारले भिजिट भिसा प्रकरणमा विशेष अदालतमा पेश गरेको अभियोगपत्रमा तत्कालीन गृहमन्त्री लेखक, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, तत्कालिन महानिर्देशक, शान्ति सुरक्षा हेर्ने महाशाखा प्रमुख रामचन्द्र तिवारी लगायतसँग गैरकानुनी रकम लेनदेन भएको हुनसक्ने भन्दै बदनियत सेटिङमार्फत भिजिट भिसामा विदेश पठाएको हुनसक्ने आशंकामा अनुसन्धान भइरहेको जनाएको हो ।

उसले गृह मन्त्रालयको प्रशासन हेर्ने महाशाखा प्रमुख, शाखा प्रमुख, गृहमन्त्रीका निजी सचिव, स्वकीय सचिव, गृहसचिवको सचिवालय र अन्य कर्मचारीको विषयमा पनि अनुसन्धान भइरहेको जनाएको छ ।

अखितयारका अनुसार, त्यतिबेला अनुसन्धानका क्रममा नियन्त्रणमा लिइएका सहसचिव तीर्थराज भट्टराईको साथबाट डायरी बरामद भएको थियो । अनि अख्तियारले उनको कल डिटेल्स रेकर्ड पनि हेरेको थियो ।

डायरी तथा कल डिटेल्स रेकर्डबाट अस्वभाविक सम्पर्कमा आएका भन्दै अख्तियारले विशेष अदालतमा गृहमन्त्रीका निजी सचिव बद्रि तिवारी, स्वकीय सचिव जनक भट्ट अनि अध्यागमन विभागका महानिर्देशक, शान्ति सुरक्षा महाशाखा प्रमुख, अध्यागमन हेर्ने महाशाखा प्रमुख, प्रशासन महाशाखा प्रमुख, शाखा प्रमुख लगायतमाथि अनुसन्धान भइरहेको जनाएको छ ।

अख्तियार स्रोतका अनुसार, यी पदाधिकारीहरू भिजिट भिसामा पक्राउ परेका बेलाका हुन् ।

साथै, गृहमन्त्रीका निजी सचिव बद्रि तिवारी र स्वकीय सचिव जनक भट्टमाथि अनुसन्धान भइरहेको जनाएको छ ।

‘यी उल्लेख गरिएका मान्छेसँग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत तीर्थराज भट्टराईको अस्वभाविक पहल देखिएको, सम्बन्ध देखिएको, कल रेकर्ड डिटेल्स विश्लेषण गर्दा शंकास्पद गतिविधि देखिएको भएको भन्दै अनुसन्धान भइरहेको जनाएको हो ।

अख्तियारले विशेष अदालतमा पेश गरेको विवरणमा भनिएको छ, ‘देहाय बमोजिमका छुट्टाछुट्टै विषय वारदात, समय र संलग्न प्रतिवादी भएको सम्बन्धमा छुट्टै अनुसन्धान भएको सम्बन्धमा जानकारी छ ।’

## विभेदविरुद्ध जाग्दै मधेशका महिला

महोत्तरी, २५ मंसिर । सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक रुपमा विभेदमा परेका मधेशको महोत्तरीका महिला अब सङ्गठित हुँदै सामूहिक आवाजले यी क्षेत्रमा उपस्थिति जनाउँदैछन् । लैङ्गिक विभेदविरुद्ध सङ्गठन र सामूहिक आवाजले नै उभिन सिकाएको आन्दोलनमा जोडिएका महिलाको अनुभव छ ।

महोत्तरीमा महिला सशक्तीकरण अभियानमा रहेका महिलाले विभेदमा परेकाहरुबीचको आपसी सङ्गठन र सामूहिक आवाजले आन्दोलन सवल बन्दै गएको बताएका छन् ।“मेरो मात्र कुरा होइन, हामी दबिएका जोसुकै महिलाका लागि सङ्गठन र सामूहिक आवाज नै शक्ति रहेछ” जीवनमा खाएका हण्डर र त्यसबाट निस्कन गरिएका प्रयत्न सम्झँदै महोत्तरीको रामगोपालपुर-९ गोठबनौलीकी बनिहारा (श्रमिक महिला) ४० वर्षीया फुलोदेवी शर्मा भन्नुहुन्छ, “समाजमा भोगिएको अपहेलना र पाइलापाइलामा भोगिएको विभेद सशक्त रुपले उठाउन सङ्गठनले नै सिकायो ।” विभेदविरुद्ध सङ्गठित हुँदै आफ्ना कुरा ठाउँमा पुऱ्याउन थालेपछि समाजले पनि उभिने ठाउँ दिने गरेको शर्माको अनुभव छ ।

विगतमा गरिबी, अभाव र महिला भएकै कारण परिवार र समाजबाट जीवनमा भोगिएका दुःखका भारी छन् फुलोसँग । पति काम गर्न बाहिर जान नदिने र घरमा खाने अन्न नभएका ती दुःखका दिन सम्झँदै कहाली लागेर आउने उहाँ सम्झनुहुन्छ । पूरा नाउँ फुलोदेवी शर्मा भए पनि साथीसँगी र आफूभन्दा ठूलाले उहाँलाई ‘फुलो’ भनेर बोलाउने गरेका छन् ।


“नाउँ भन्दा सुन्दा त ‘फुलो’ ( सुकोमलको भावमा) छ नि, तर जीवनमा भोगिएका हण्डर सम्झँदा मान्छे थिएँ कि थिइन झैं हुन्छ”, उहाँ भन्नुहुन्छ । तीन छोरा र एक छोरीसहित चार सन्तान र आफ्नो गुजाराका लागि मजदुरी गर्न पनि सुविस्ता साथ नपाएको उहाँको विगत छ । ससाना लालाबालालाई बोक्दै, डोऱ्याउँदै इँटाभट्टामा काम गर्न जाँदा जीवन सम्झेर दिक्क लाग्ने गरेको उहाँ विगत सम्झनुहुन्छ ।

“सानो छोरालाई पिठ्युँमा बोक्थेँ, दुई छोरा र एक छोरी पछि लाग्थे, घरमा खाने अन्न केही नहुँदा मैले दुई पैसाका लागि इँटा भट्टाको काम थालेकी थिएँ” उहाँ विगत सम्झँदै भन्नुहुन्छ, “तर पति र घरका परिवारले ढुक्कसँग मजदुरी गर्न पनि दिँदैनथ्ये ।” यसरी काम गर्न निस्कँदा कैयन पटक पतिको कुटाइ र परिवारजनको गाली खाएको उहाँ सम्झनुहुन्छ ।

काममा जान घर मात्र असहयोगी नभई सामाजिक परिवेश नै महिलाका लागि पाइलैपिच्छे काँडैकाँडाले भरिएको हुने उहाँको अनुभव छ । “इँटाभट्टामा काम गर्दा थाहा पाएँ, कामबापतको पारिश्रमिकमा पनि हेला गरिँदोरहेछ”, उहाँले विगत सम्झँदै भन्नुभयो, “उही काम गरी सक्दा पुरुषले पाउने बनी ( मजदुरीबापतको पारिश्रमिक) र हामी महिलाले पाउने त धेरै फरक रहेछ ।” यसको विरोध गर्दा कामबाटै निकालिने मालिकको धम्कीले आफूसहितका महिला बाध्य

बाँकी ३ पृष्ठमा


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# दुई देशको सांस्कृतिक हृदयलाई जोड्ने सेतु

जनकपुरधामले बुधवार साँझ एउटा ऐतिहासिक सांस्कृतिक क्षण महसुस गऱ्यो । भारतको महावाणिज्य दूतावासको आयोजनामा प्रस्तुत गरिएको ओडिसी नृत्य, जसले हल भरि उपस्थित दर्शकहरूलाई मन्त्रमुग्ध मात्र बनायो – उनकै सांस्कृतिक स्मृतिमा अमिट छाप छोड्यो। सन्ध्या कुञ्जन मेनन दास नेतृत्वको टोलीले प्रस्तुत गरेको यो शास्त्रीय नृत्य केवल मनोरञ्जनको साधन थिएन; यो कला, सम्वेदना र साझा सांस्कृतिक इतिहासको जीवन्त प्रस्तुति थियो।

नेपाल-भारतबीचको सम्बन्ध प्राचीन धार्मिक बन्धन, साझा परम्परा र सांस्कृतिक विरासतमा आधारित छ। यिनै सांस्कृतिक धडकनहरूको प्रतिध्वनि यो नृत्यप्रदर्शनका हरेक मुद्रामा सुनिन्थ्यो। भाषा फरक भए पनि भाव एउटै–सम्बन्धलाई अझ नजिक ल्याउने सांस्कृतिक उर्जा। यही कारण, ओडिसी नृत्यको प्रत्येक अभिव्यक्ति दुई देशबीचको सामाजिक एकताको पनि संकेत बन्यो।

कार्यक्रममा भारतीय महावाणिज्यदूत देवी सहाय मिनाले दुई देशबीचको सांस्कृतिक बन्धनलाई 'गहिरिँदै गएको सम्बन्ध' भनेर व्याख्या गर्नु स्वाभाविक थियो। किनकि ओडिसी जस्तो शास्त्रीय नृत्य केवल ओडिशाको पहिचान मात्र होइन–यो सम्पूर्ण दक्षिण एसियाली सांस्कृतिक जगत्को साझा सम्पदा हो। राम-सीता, गोपी-कृष्णका लीलादेखि मानव जीवनका भावनात्मक आयामसम्मलाई नृत्य-नाट्य माध्यमबाट उजागर गरेको यस प्रस्तुतीले जनकपुरको धार्मिक परिवेशलाई झनै अर्थमय बनायो।

ओडिसीको इतिहास करिब दुई हजार वर्ष पुरानो रहेको प्रमाण उदयगिरि-खण्डगिरि गुफाका मूर्तिहरूले दिन्छन्। देवदासी परम्पराबाट विकसित यो नृत्य आधुनिक युगमा आएर पनि परम्परागत सौन्दर्य, अनुशासन र आध्यात्मिकताबाट विस्थापित भएको छैन। यसको त्रिभंगी मुद्रा, चौक भंगिमा, सजीव नेत्र-अभिनय र सुन्दर हस्तमुद्राहरू केवल कला होइनन्–शरीर, मन र आत्माको समन्वयको नृत्यशास्त्र हुन्।

जनकपुरधाममा प्रस्तुत कार्यक्रमले यसै आध्यात्मिक नृत्य परम्पराको भावनात्मक सार झल्कायो। पाँच जना कलाकारहरूले करिब डेढ घन्टा विभिन्न प्रसंगहरू जीवन्त बनाए–कहिले कृष्ण-राधाका मधुर लीलामा दर्शकलाई भावनाले भरिदिए, कहिले वृद्ध पात्रको अभिनयमार्फत जीवनदर्शन प्रस्तुत गरे। पारम्परिक ओडिसी वेशभूषा, सुनौलो आभूषण, घुँघरु र 'तहीया' मुकुटले कलाकारहरूको उपस्थिति झनै मोहक देखिन्थ्यो।

यसरी हेर्दा, यो कार्यक्रम केवल सांस्कृतिक प्रस्तुति मात्र थिएन–जनकपुरधाममा बसेका अधिकारीदेखि साधारण नागरिकसम्म सबैलाई साझा सांस्कृतिक गौरवको स्मरण गराउने कूटनीति र कलाको संयोजन थियो। मैथिली विकास कोषका अध्यक्षदेखि प्रशासनका उच्च अधिकारीहरूको उपस्थिति आफूभित्र एउटा सन्देश बोकेको छ ।सांस्कृतिक कूटनीति आजको विश्वमा सबैभन्दा प्रभावकारी, सबैभन्दा विनम्र र सबैभन्दा मन छुने माध्यम हो।

जनकपुरधाम, जसलाई राम-सीताको नगरी भनेर चिनिन्छ, त्यहाँ भारतको ओडिसी नृत्यको प्रस्तुति हुनु स्वयंमा दुई भूगोलबीचको सांस्कृतिक एकताको प्रतिरूप हो। सांस्कृतिक सम्बन्धहरूले राजनीतिक सम्बन्धभन्दा बढी टिकाउ र गहिरो प्रभाव पार्ने गर्छन्, र यो कार्यक्रम त्यही वास्तविकताको खूबसुरत उदाहरण बनेको छ।

आजको युगमा, जब समाज विभाजन, द्वन्द्व र पहिचानका प्रश्नहरूबाट ग्रस्त देखिन्छ, कला–विशेष गरी शास्त्रीय कला–एकता र सम्वेदना जगाउने प्रभावकारी शक्ति हो। ओडिसी नृत्यले जनकपुरधाममा यही शक्ति उजागर गऱ्यो–अनुभूति, आध्यात्मिकता र सांस्कृतिक गौरवको एकाकार रूपमा।

यसैले, यस्तो कार्यक्रम आवधिक रूपमा आयोजना हुन सके भने नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्ध मात्र होइन, स्थानीय कलाकार, विद्यार्थी र सांस्कृतिक संस्थाहरूले पनि नयाँ प्रेरणा, सिकाइ र अवसर पाउनेछन्। जनकपुरधामजस्तो सांस्कृतिक आस्था केन्द्रमा यस्ता आयोजनाहरू निरन्तर भइरहनु पर्ने आवश्यकता झनै तीव्र छ।

ओडिसी नृत्यको त्यो साँझले जनकपुरधामका दर्शकलाई केवल मोहित बनाएन–दुई देशका संस्कृतिहरू एउटै धड्कनमा धड्किरहेका छन् भन्ने सत्यलाई आत्मसात् गरायो। कला नै अन्ततः मानिसलाई नजिक ल्याउने सबैभन्दा पवित्र माध्यम हो, र जनकपुरधामले यसको साक्षी बस्ने सौभाग्य फेरि एकपटक प्राप्त गऱ्यो।

# जेन्जी आन्दोलन र स्वास्थ्य



डा मिङमार गेल्जेन शेर्पा

जेन्जी आन्दोलनबाट जे जस्तो उपलब्धि प्राप्त भएको छ त्यसलाई नेपाली जनताले कम ठानेका छैनन्। कैयौं निमुखा भाई बहिनीहरुले आफनो ज्यान गुमाएर यो परिवर्तन ल्याएका छन् भने कैयौं घाइते भएर जीवनभरी तड्पिन बाध्य छन्। यस आन्दोलनको सदुपयोग गरेर नेपाली जनतालाई सुशासन, सुरक्षा, गुणस्तरीय स्वास्थ्य तथा शिक्षा दिलाउन सकेन भने यो आन्दोलनबाट र ती महान् शहीदहरुको बलिदानबाट के नै उपलब्धि हासिल भयो र ?

***संघीयता र स्वास्थ्य***

स्वास्थ्यको बजेट स्थानीय र प्रदेश तहमा पाएर सम्बन्धित अधिकारीहरु खुशी हुनु बाहेक यो तीन तहको सरकारबाट नेपाली जनताले स्वास्थ्यमा खासै उल्लेखनीय उपलब्धि हासिल गरे जस्तो महसुस भएको छैन। स्थानीय, प्रदेश र संघमै पनि समय र परिस्थितिले माग गरे बमोजिम जनताको स्वास्थ्यमा आवश्वक सुधार हुन सकेको छैन।

संघीयताले सबै निकायलाई आफुले निर्णय गर्ने अधिकार दिलाए। तर कतिपय निकायहरुमा अधिकारवालाहरुले मनमानी गर्न थालेपछि निमुखा जनताले कतै कसैसँग उजुरी गर्ने साहस नभएर अन्याय सहेर बस्न बाध्य छन्।

यता सरकारको कमजोरीको कारण उपलब्ध वार्षिक बजेट खर्च गर्न नसक्ने अवस्था पनि उस्तै छ। उता आवश्यकता छ/छैन भन्ने केही अध्ययन नै नगरी हचुवाको भरमा हरेक स्थानीय तहमा अस्पताल भवन निर्माण गर्न भनेर बजेट छुट्याइयो। जिल्लामा सञ्चालित एउटा जिल्ला अस्पतालमा औषधि, उपकरण, चिकित्सक र आवश्यक स्वास्थ्य जनशक्ति पुर्याउन नसकेको अवस्थामा स्थानीयस्तरमा ६ सय बढी अस्पताल भवन बनाउन बजेट खर्च गर्न कत्तिको उपयुक्त थियो होला र ?

कार्यक्रमको लेखाजोखा गर्ने क्षमताको अभावमा कैयन स्वास्थ्य कार्यक्रमहरु अपेक्षित उपलब्धि हासिल गरी सकेपनि वर्षौं लगातार चलाएर अनाहकमा राज्य कोषको दुरुपयोग हुँदै आएको छ। करीब २० प्रतिशतभन्दा बढी बजेट यस्तै कार्यक्रमहरुमा खर्च भइरहेका छन्। स्वास्थ्य उपकरण तथा औषधिहरु जस्ता रोगको उपचारमा प्रयोग हुने संवेदनशील सामग्रीहरुको खरीदमा उचित ध्यान पुर्याउन नसकी रहेको कारणले गर्दा कम गुणस्तरको सामग्रीहरु महँगोमा किनेर वितरण भइरहेको कयौं उदाहरणहरु छन्।

स्वास्थ्य बीमा लागु गरेर जनतालाई केही स्वास्थ्य राहत दिने कोशिस गरेतापनि त्यसको कुशल व्यवस्थापनको अभावमा जुन समुदायलाई स्वास्थ्य बीमा आवश्यक थियो त्यो समुदायमा सेवा पुर्याउन सरकार असमर्थ भएको स्थिति छ।

जनताको माग र देशको आवश्यकता अनुसार सुपर स्पेसीयालीटी अस्पतालहरुको स्थापना गरेर स्वास्थ्य सेवाको कुशल व्यवस्थापन गर्नुको बदला विभिन्न रोगको लागि भनेर हचुवाको भरमा पैसा वितरण गरेर सरकारले झारा टार्ने काम गरेका छन्।

गरीब देश हुनाको कारण स्वास्थ्य जस्तो संवेदनशील विषयमा पर्याप्त बजेट नहुनु सामान्य कुरा हुन्। तर उपलब्ध बजेटको सही सदुपयोग नहुनु हाम्रो ठूलो दूर्भाग्य हो।

देशमा उपलब्ध विभिन्न तहको स्वास्थ्य जनशक्तिहरुको सही व्यवस्थापन गर्न नसक्नुमा कमजोर प्रशासनिक व्यवस्था त छँदैछ। त्यसमाथि पनि स्वास्थ्यको कर्मचारी कुनै न कुनै राजनैतिक पार्टीसँग आवद्ध भएको हुनाले कर्मचारीहरु देश र जनताको कामप्रति भन्दा पार्टी प्रति बढी बफादार देखिन्छन्। यसले गर्दा संघदेखि स्थानीय तह सम्म मन्त्री तथा स्थानीय तहमा फेरबदल हुँदा कर्मचारीहरु पनि सरुवा तथा बर्खास्त गर्ने प्रक्रियाहरु सामान्य भइसकेका छन्। उदाहरणको लागि हालै जेन्जीको सरकारले महत्वपूर्ण स्थानहरुमा सरुवा गरेर सो प्रक्रिया यथावत राखेकै देखिन्छ।

***जनताले आशा गरेका स्वास्थ्य व्यवस्था***

राजनीति परिवर्तनसँगै प्रधानमन्त्री नयाँ आए, धेरै नयाँ मन्त्रीहरु पनि नआएका होईनन्। र, अब जेन्जीको मन्त्री पनि हुनुहुन्छ तर जनताले माग गर्दै आएका कुराहरु केही पनि नयाँ छैनन्।

स्वास्थ्य सेवा गुणस्तरीय हुनु पर्यो। हरेक नागरिकको पहुँचमा हुनु पर्यो र धनी गरीब नभनी सबै नेपालीले सरल तरिकाले उपभोग गर्न पाउनु पर्यो। जबसम्म तराई, पहाड, हिमालका हरेकले समुदायस्तरमा सरल तरिकाले गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउँदैनन्, तबसम्म स्वास्थ्य सेवामा भएको लगानीको ठोस उपलब्धि हासिल भएको मान्न सकिँदैन।

स्वास्थ्यमा के सुधार गर्नु आवश्यक छ र त्यो कसरी गर्ने भन्ने कुनै सोच नभएका जो कोहीलाई ल्याएर कुर्शीमा राख्दैमा स्वास्थ्य सुधार भएको अवस्था देखिन्न। र, यस्तो पुरानो परीपाटी चलेको पनि वर्षौं भयो।

ग्रामीण समुदायका जनताहरु तालिम प्राप्त स्वास्थ्यकर्मीको सेवाबाट बञ्चित छन्। २० औं वर्षदेखि नेपाली ग्रामीण समुदाय अझै पनि स्वयं सेवकहरुबाट स्वास्थ्य सेवा लिन बाध्य छन् समयानुकुल अब हरेक महिला स्वयंसेविकासँग एउटा सामुदायिक नर्स पनि हुन आवश्यक छ। जसले समुदायमा परिवार नियोजन, गर्भ परीक्षण, स्वास्थ्य शिक्षा साथै स्वास्थ्य परामर्शहरु दिन दिलाउन सकिन्छ। तर यस तर्फ कसैको ध्यानै गएको देखिदैन। सायद सयौं वर्षसम्म ग्रामीण भेगका जनताहरुले स्वयं सेवकहरुबाटै मात्र स्वास्थ्य सेवा लिन बाध्य होलान्।

जेन्जीलाई स्वास्थ्य सेवामा ठोस परिवर्तन ल्याएर आन्दोलनको उपलब्धि हासिल गर्ने अवसर

हरेक कुराको समय हुन्छ। समयको सदुपयोग गर्न चुक्नु हुँदैन। पछि पछताउनु पर्ने हुन्छ। २४ घण्टामा व्यवस्था परिवर्तन गर्न सफल भयो। निमुखा शहीदहरु तथा कैयन युवाहरुको अमूल्य योगदानबाट हासिल गरेको ऐतिहासिक उपलब्धिबाट देश र नेपाली जनताले पुस्तौसम्म याद रहने गरी परिवर्तन ल्याउनु जरुरी छ।

जेन्जी आन्दोलन पश्चात धेरै दिनसम्म नेपाली जनताले हेरी रहे, अब केही होला भनेर पर्खि रहे तर कुनै ठोस माग रहेको देखिएन। पत्रकार सम्मेलन वा भेटघाटमा समेत त्यस्तो केही माग रहेको बुझिएन।

जति समय बित्दै जान्छ उति नै छिटो सबै कुरा बिर्सदै जान्छ। यो संसारको रित नै हो। समय रहँदै स्वास्थ्यमा जेन्जीहरुले कमसे कम एउटा दुई वटा ठोस माग चाँही राख्नै पर्छ। त्यति मात्र होईन त्यो माग कुनै पनि तवरले पुरा गरेरै छाडनु पर्ने हुन् । वर्तमान स्थितिमा यो संभव पनि छ। तर सधैको जस्तै अवस्था भए वीर जेन्जी शहीदहरुको आत्माले शान्ति पाउने छैनन्। उनीहरुको योगदान खेर जानेछ।

*(डा मिङमार गेल्जेन शेर्पा स्वास्थ्य सेवा विभागका पूर्व निमित्त महानिर्देशक हुन्।)*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मधेसमा बढ्दो हत्या र दाइजो हिंसा

## रोशनी झादेखि अंशुसम्म




जनकपुरधाम, २५ मंसिर । तराई(मधेसमा पछिल्लो समय बुहारी हत्या र आत्महत्याका घटनामा तीव्र वृद्धि देखिएको छ। कतिपय घटनामा प्रहरी उजुरी त लिन्छ तर छानबिन अघि बढाउँदैन। छानबिन अघि बढे पनि निष्कर्षमा नपुगी 'सेलाउने' प्रवृत्ति कायम छ। जनकपुरकी आरती साहको हत्या प्रकरण होस् वा सिरहाकी कञ्चन मण्डलको घटना(विवाहपछि दाइजो र घरेलु हिंसाका कारण यस्ता घटनामा वृद्धि भइरहेको देखिन्छ।

मंसिर महिनामै धनुषाकी रोशनी झा र असोजमा अंशु साहको आत्महत्याका दुई घटना सार्वजनिक भए। दुवै घटनामा परिवारले 'यो आत्महत्या होइन, हत्या हो' भन्दै प्रहरीसमक्ष न्याय मागिरहेका छन्। रोशनी झाको घटनामा परिवारको जाहेरीपछि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले छानबिन गरिरहेको छ र केही आरोपी पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेशबहादुर बमका अनुसार देवान पोखरीका सच्चिन झा र उनका १५ वर्षीय छोरालाई पक्राउ गरिएको छ। यसअघि नै मृतक रोशनीका श्रीमान्

तराई-मधेसमा पछिल्लो समय बुहारी हत्या र आत्महत्याका विवादास्पद घटनाहरू बढेका छन्। जनकपुरकी रोशनी झा र धनुषाकी अंशु साहका घटनाले प्रहरी प्रशासनमाथि गम्भीर प्रश्न उठाएका छन्। रोशनी प्रकरणमा सीआईबीले छानबिन गर्दै केही आरोपी पक्राउ गरिसकेको छ, तर अंशुको मृत्युमा दुई महिनासम्म उजुरी नलिएको परिवारको गुनासो छ। सात महिनाकी गर्भवती अंशु आत्महत्या गर्न नसक्ने दाबी गर्दै परिवारले हत्या भएको आरोप लगाएको छ। घटनापछिको ढाकछोप जस्ता व्यवहारले शंका झनै गहिरिएको छ। प्रहरी भने उजुरी नआएको दाबी गर्छ। यी घटनाले मधेसमा दाइजो र घरेलु हिंसा अझ गम्भीर बन्दै गएको संकेत गर्छ।



प्रशान्त मिश्र पक्राउ परिसकेका थिए।

यसै प्रकृतिको अर्को घटना(धनुषाकी अंशु साहको मृत्यु(हुनु दुई महिनाभन्दा बढी भइसक्यो, तर प्रहरी उजुरी लिन मानिरहेको छैन।

अंशुकी बहिनी आकृति साह भन्छिन्, "हामी दिनदिनै प्रहरी धाइरहेका छौँ, तर उजुरी लिन मानेका छैनन्। रोशनीको घटना र दिदीको घटना उस्तै छ, तर हाम्रो उजुरी लिनै मानेका छैनन्। जिल्ला प्रहरी कार्यालय जाँदा 'एसपीको तोक लागेपछि मात्र दर्ता हुन्छ' भन्छन्, तर एसपी नै भेट्न मान्नुहुन्न।"

तर एसपी रुगमबहादुर कुँवर भन्छन्, "म कात्तिकदेखि यहाँ आएको हुँ। त्यसयता कोही उजुरी लिएर आएको छैन। उजुरी आए छानबिन हुन्छ।"

अंशुकी बहिनी आकृतिका अनुसार असोज १३ गते दिउँसो ३(४ बजे उनीहरूसँग सामान्य रूपमा कुरा भएको थियो। तर साँझ ५(६ बजे आएको 'आत्महत्या'को खबरले उनीहरू स्तब्ध परे।

- *तराई-मधेसमा बुहारी हत्या र 'आत्महत्या'का घटनामा तीव्र वृद्धि हुँदैछ।*
- *जनकपुरकी रोशनी झा र धनुषाकी अंशु साहका घटनाले प्रहरीको भूमिकाप्रति गम्भीर प्रश्न उठाएका छन्।*
- *रोशनी प्रकरणमा सीआईबीले छानबिन गर्दै केही आरोपी पक्राउ गरिसकेको छ।*
- *अंशु साहको मृत्युमा परिवारले 'हत्या' भएको दाबी गरे पनि प्रहरीले दुई महिनासम्म उजुरी नै नलिएको गुनासो छ।*
- *अंशु सात महिनाकी गर्भवती भएकाले आत्महत्या असम्भव रहेको परिवारको तर्क।*
- *घटनापछि परिवारले ढाकछोपको प्रयास भएको आरोप लगाएको छ (एम्बुलेन्स बोलाएर अस्पताल लैजानु, गलत जानकारी दिनु)।*
- *प्रहरी पक्षले भने उजुरी नआएको दाबी गर्दै घटनालाई अस्वीकार गरेको छ।*
- *परिवारले राजनीतिक पहुँच भएकालाई जोगाउन प्रहरी निष्क्रिय रहेको आरोप लगाइरहेको छ।*
- *यी घटनाले दाइजो, घरेलु हिंसा र महिलामाथिको अन्याय मधेसमा अझ गम्भीर हुँदै गएको संकेत गर्छ।*

अंशुकी आमा बिना भन्छिन्, "हिजोसम्म हाँसी(हाँसी कुरा गर्ने छोरी अचानक किन आत्महत्या गर्ला? कुनै समस्या भएको आभास पनि दिएकी थिइनन्।"

परिवारले घटनामा हत्या भएको दाबी गर्दै छानबिन माग गरिरहेका छन्।

"यदि आत्महत्या हो भने श्रीमान् वा सासूससुराले तुरुन्तै प्रहरी वा छिमेकीलाई खबर गर्नुपर्थ्यो," आकृति भन्छिन्, "तर उनीहरूले सुटुक्क एम्बुलेन्स बोलाएर अस्पताल लगे। छिमेकीले सोध्दा 'बान्ता भएपछि लगेको' भनेछन्। तर अस्पतालमा डाक्टरले 'यो बान्ता होइन, झुण्डिएर मृत्यु भएको' भन्दै उनलाई झुण्डिएको अवस्थामा ल्याइएको बताए।"

अंशुको दुई वर्षअघि शिवकुमार महतोसँग विवाह भएको थियो। घटनाको बेला अंशु सात महिनाकी गर्भवती थिइन्। पेटमा बच्चा हुर्काएको आमा एक्कासी आत्महत्या गर्ने अवस्थामै नभएको परिवारको तर्क छ।

अंशु र उनका श्रीमान् दुवै स्वास्थ्यकर्मी हुन्। अंशु स्टाफ नर्स थिइन् र गर्भवती भएपछि घरमै बसेकी थिइन्। परिवारका अनुसार पढाइ, करिअर र भविष्यप्रति अत्यन्त गम्भीर रहने अंशुले आत्महत्या गर्ने कुनै कारण थिएन।

अंशुको परिवारले 'राजनीतिक पहुँच भएको व्यक्तिलाई जोगाउन प्रहरी उजुरी नलिएको' आरोप लगाएको छ। किटानी जाहेरी लिएर हिँडेको दुई महिनाभन्दा बढी भइसक्दा पनि प्रहरीमा दर्ता गर्न नसकेको उनीहरूको गुनासो छ। राजधानी काठमाडौंबाट समेत न्याय माग्दा सुनुवाइ नभएको परिवारको पीडा अझै उस्तै छ।

## राष्ट्रिय.............

सरकारको जिम्मेवारी आगामी २१ फागुनमा हुने निर्वाचन निष्पक्ष रूपमा गराउनु हो, न कि संवेदनशील विषयमा हस्तक्षेप गरेर राजनीतिक वातावरण बिगार्नु ।

जेनजी आन्दोलनसँग निकट नेपाली कम्युनिस्ट पार्टी(नेकपाले समेत सम्झौताका केही बुँदाप्रति असहमति जनाएको छ । नेता देवेन्द्र पौडेलका अनुसार जेनजीका माग सम्बोधन गर्नुपर्ने भए पनि प्रधानमन्त्रीले 'जेठो छोरो' भन्ने शैली गलत सन्देश दिनेको हो । उनी भन्छन्, 'चुनाव गर्न बनेको सरकारले संवेदनशील विषयमा हात हाल्नुहुँदैन, नत्र समाज भड्किन सक्छ ।'

यद्यपि सबै दल सम्झौताका विपक्षमा छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने सम्झौतामा समेटिएका संविधान सुधार, प्राइमरी इलेक्सन, नो(भोट र सुशासनका एजेन्डा पार्टीकै अडानसँग मेल खाने भएकाले स्वागत गरेको जनाएको छ । रास्वपाका सचिवालय सदस्य शिशिर खनालका अनुसार 'पार्टीले स्थापना देखिनै उठाउँदै आएका मुद्दा सहमतिको कागजमा समेटिनु सकारात्मक हो ।'यसबीच, प्रहरी संगठन पनि असमञ्जसमा परेको देखिन्छ । सम्झौताका तेस्रो र चौथो बुँदामा उल्लेखिएको आन्दोलनमा सहभागी भएकै कारण कसैलाई मुद्दा नचलाउने, उजुरी परे १५ दिनभित्र छानबिन गर्ने, प्रावधानले गम्भीर प्रश्न खडा गरेको छ। प्रहरी अधिकारीहरूका अनुसार 'सिंहदरबार, सर्वोच्च अदालतजस्ता राज्यका ऐतिहासिक संरचना तोडफोड गर्ने कार्य आपराधिक गतिविधिभित्र पर्छ, त्यसमा प्रत्यक्ष प्रमाण नभएकै आधारमा कारबाही रोक्न मिल्दैन ।'

भदौ २४ मा भएको सिंहदरबार आगजनी 'देशको इतिहास जलाएको घटना' भएको भन्दै प्रहरी वृत्तमा अनुसन्धानको भविष्यप्रति अनिश्चितता बढेको छ ।

यसरी, प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले गरेको १० बुँदे सम्झौता एकातिर राजनीतिक संवाद र संस्थागत समाधानतर्फका कदमका रूपमा देखिए पनि अर्कोतर्फ दलभित्र(बाहिर, आन्दोलनकारीभित्र र सुरक्षा निकायमा व्यापक विवाद र अविश्वासको बीउ रोपिरहेको छ । आगामी २१ फागुनको निर्वाचन नजिकिँदै गर्दा यो सम्झौताले राजनीतिक स्थायित्व कायम गर्छ कि तनाव बढाउँछ । यसको उत्तर भने अझै स्पष्ट छैन ।

## विभेदविरुद्ध.......

भएर काममा जोतिनुपर्ने विगतको सम्झनाले फुलोको मन अहिले पनि भरङ्ग हुन्छ ।

"पुरुषले त्यही काम गर्दा ५०० देखि एक हजारसम्म बनी लिन्थे, महिलाले भने त्यसको आँधीमै चित्त बुझाउन पर्थ्यो"उहाँ विगत सम्झदै भन्नुहुन्छ । यिनै दुःखका दिनमै आफ्नो बस्तीमा महिला सचेतनाका कार्यक्रम सञ्चालन हुन थालेपछि आँखा खुलेको उहाँको सम्झनामा छ । "बस्तीबस्तीमा महिलामाथि हुने थिचोमिचोका घटना समाचार बन्न थाले, विभिन्न सामाजिक संस्थाका कार्यकर्ताले बस्तीका महिलालाई सरकारले महिलाका लागि बनाएका विशेष कानुनबारे जानकारी दिँदै सङ्गठित हुन र सामाजिक विभेदका विरुद्ध ठाउँठाउँमा सामूहिक आवाज उठाउन उत्प्रेरित गरे" उहाँ भन्नुहुन्छ, "हाम्रो बस्तीमा पहिले रतौली युवा क्लबले 'स्थानीय अधिकार कार्यक्रम'बाट महिलालाई समूह बनाएर सङ्गठित हुन सिकायो, यो अभियानले महिलाहरुमा हौसला जगायो, हामीले सरकारी अड्डा र स्थानीय तहसहितका ठाउँठाउँमा महिलाप्रति हुने विभेदविरुद्ध समूहकै तर्फबाट ज्ञापनपत्र दिन थाल्यौँ ।

" यस क्रममा ती ठाउँबाट पाइने वास्ता र चासोले आफूविरुद्धका विभेदसँग सामूहिक रुपमा प्रतिवाद गर्ने र सङ्गठित हुन सिकाएको उहाँको अनुभव छ । पछिपछि परिवार पनि सकारात्मक हुँदै गएपछि काममा सहज हुँदै गएको उहाँ बताउनुहुन्छ ।

अहिले रामगोपालपुर नगर क्षेत्रमै बनिहारा (श्रमिक) महिलाका मात्रै आठ वटा समूह क्रियाशील छन् । अहिले १९७ जना महिला सङ्गठित भएका यी समूहले बस्तीबस्तीका महिलालाई महिलाका लागि राज्यप्रदत्त विशेष सुविधाका व्यवस्थाबारे जानकारी दिँदै यिनको उपयोगका लागि सङ्गठित हुन प्रेरित गर्ने गरेको उहाँ बताउनुहुन्छ । यी समूहमा महिला अधिकारका विषयमा छलफल गरिने र राज्यका विभिन्न निकायमा ती व्यवस्थाको कार्यान्वयनका लागि दबाब बढाइने गरेको समूहका महिला बताउँछन् ।

"हामी आफ्नै बस्तीका महिला मिलेर समूह बनाएर हरेक समस्यामा छलफल गर्ने गरेका छौँ" रामगोपालपुर-१ लक्ष्मीपुरकी ४५ वर्षीया राधादेवी मण्डल भन्नुहुन्छ, "महिलाका लागि राज्यले गरेका विशेष सुविधा एवं संविधान र कानुनमा महिलाका लागि भएको व्यवस्था कार्यान्वयनकै लागि पनि आवाज नै उठाउन पर्दोरहेछ, हामीले धेरैपछि यो कुरा बुझ्यौँ ।"

रामगोपालपुरका महिलाजस्तै जिल्लाका अन्य भेगका महिलाले पनि विभेद्विरुद्ध उभिन सङ्गठन नै मुख्य हुने अनुभव सँगालेका छन् । "हामी महिला एकजुट भएर कार्यालयमा पुगेपछि केही सुनुवाइ हुने गरेको छ" भङ्गाहा-४ रामनगरकी सामाजिक अगुवा ५५ वर्षीया दीपमायाँ श्रेष्ठ भन्नुहुन्छ, "यसका लागि समूह (सङ्गठन) मुख्य ताकत रहेछ ।" अचेल सामाजिक र राजनीतिक अवसरका लागि बल्ल महिलाको खोजी हुन थालेको श्रेष्ठ बताउनुहुन्छ । जिल्लाका विभिन्न स्थानीय तहका बस्तीमा किशोरीहरुले छुट्टै समूह बनाएर आफूहरुका चासोबारे विभिन्न निकायको ध्यानाकर्षण गराउने क्रम पनि अब बाक्लिएको छ ।

"हामीले किशोरी अवस्थाको स्वास्थ्य सचेतना, शिक्षाको अवसर, बालविवाहविरुद्ध सचेतना र आर्जनका अवसरका लागि स्थानीयतहलाई घचघच्याइ रहेका हुन्छौँ" रामगोपालपुर-९ कै दलित बस्तीकी १६ वर्षीया किशोरी बिना चमार भन्नुहुन्छ, "सङ्गठित भएर सामूहिक रुपमा अघि बढ्दा हाम्रा कुराले वास्ता पाएका छन् ।" आफ्नो नगर क्षेत्रमा किशोरी सरोकारकै क्षेत्रमा सचेतना बढाउने अभियानमा सङ्गठित रुपले लागेका यस उमेर समूह (१३ वर्षदेखि १९ वर्ष सम्मका) २०० बढी अभियानी रहेका रामगोपालपुर-१ की १७ वर्षीया सङ्गीता मण्डल बताउनुहुन्छ ।

"विभेदविरुद्ध होस् कि अधिकार प्राप्तिका लागि होस्, सङ्गठन अपरिहार्य रहेछ" मण्डल भन्नुहुन्छ, "हाम्रा किशोरी समूहले उठाएका विषयले राज्यका निकायमा महत्व पाउन थालेपछि सङ्गठित हुने क्रम बढेको छ ।" पाँच/छ वर्षअघिसम्म बालविवाह यहाँको आम कुरा रहेको बताउँदै मण्डलले भन्नुभयो, "अब भने कानुनको डर सचेतना अभियानले बढाउँदा बालविवाहका घटना निकै पातलिएका छन् ।"जिल्लाका ग्रामीण बस्तीमा अझै आम महिला आफ्ना समस्या भन्नसक्ने अवस्थामा छैनन् ।रासस

# देश बनाउने जिम्मेवारी दुई दलकै काँधमा छ : अध्यक्ष ओली

दैनिक समाचारदाता

काठमाडौं, २५ मंसिर। नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले देश र जनताको पक्षमा काम गर्ने दुई ठुला पार्टी एमाले र काँग्रेस भएकाले पुन: सोही दलको काँधमा जिम्मेवारी आउने बताउनुभएको छ।

सम्पादकहरुसँगको संवाद कार्यक्रममा बिहीबार बोल्दै उहाँले सो कुरा बताउनुभएको हो। "काँग्रेस र एमाले यो देशको ठुला राजनीतिक शक्ति हुन्, केही दिन चलेको आँधी तुफान र ग्रहणले यी शक्ति विलय भएका होइनन्, देश बनाउने जिम्मेवारी यिनै दुई दलमा जिम्मेवारी रहेकाले फेरि जिम्मेवारी दुई दलकै काँधमा आउँछ" अध्यक्ष ओलीले भन्नुभयो।

विना सिद्धान्त, विना नीति र विना स्पष्ट योजना दलहरु उम्रनेक्रम जारी रहेको बताउँदै उहाँले भन्नुभयो, "सम्पत्ति कमाउन, अपराधबाट बच्न र भ्रष्टाचार गर्नका लागि राजनीतिक दलमा लाग्ने होइन, राजनीतिमा लाग्ने भनेको देश बनाउनका लागि हो। देशको सकारात्मक रुपान्तरण गर्नका लागि हो। अहिले उम्रेका नयाँ दलमा त्यो कुरा देखिदैन।"

सरकार र जेनजी अगुवाहरुबिच बुधबार भएको नयाँ सम्झौताबारे राखिएको जिज्ञासामा अध्यक्ष ओलीले भन्नुभयो, "जहाँ सम्झौता भयो, त्यहि च्यातिएको देखियो। सम्झौता नै च्यातिएपछि त्यसको के अर्थ छ र! सम्झौताको कुनै औचित्य नभएरै च्यातिएको होला नि।"

राजनीति स्वस्थ र मर्यादित हुनुपर्ने बताउँदै उहाँले राजनीति गर्नु भनेको देश र जनताका लागि




हो, आफ्नो लागि होइन, उहाँले भन्नुभयो। आफूले सत्य कुरा बोल्दा अरुलाई तितो लाग्ने गरेको बताउँदै उहाँले भन्नुभयो, "लोकतन्त्र मास्ने प्रयास भयो भने एमाले सहँदैन, नेपाली जनताले सहँदैनन्।"

संसद पुन:स्थापनाबारे सम्पादकले राखेको जिज्ञासामा अध्यक्ष ओलीले संसद पुन: स्थापना हुनेमा विश्वास व्यक्त गर्नुभयो। अवैधानिक ढंगले विघटन गरिएकाले वैधानिक ढंगले पुन:स्थापना हुने उहाँले दावी गर्नुभयो। "आगजनी, लुटपाट कसैलाई स्वीकार्य हुने विषय होइन, जेनजीको आवरणमा जसले गरे पनि त्यो सह्य छैन।"

मेरो विरुद्ध कोही नउठ्ला

मंसिर २७ देखि २९ गतेसम्म हुन गइरहेको ११ औं महाधिवेशनले नयाँ नेतृत्वसहित कार्य समिति सर्वसम्मत चयन गर्ने प्रयासमा आफूहरु रहेको भन्दै अध्यक्ष ओलीले भन्नुभयो, "सम्भवत: मेरो विरुद्धमा कोही नउठ्ला। सर्वसम्मत अध्यक्षमा मेरो नाममा सहमति बन्ला। कोही स्वस्थ प्रतिस्पर्धा गर्न आउँछ भने त्यसको स्वागत हुन्छ।"

दुई कार्यकाल र उमेरहदको जिज्ञासा पत्रकारले उठाएपछि अध्यक्ष ओलीले जवाफमा भन्नुभयो, "दुई कार्यकाल अमेरिकी राष्ट्रपतीय प्रणालीमा हुन्छ। निर्वाचित भएपछि पाँच वर्ष काम गर्न दिइन्छ, कुनै बाधा हस्तक्षेप गरिदैन। हाम्रो यहाँ दुई कार्यकालको विषय स्थापित विषय होइन, कांग्रेस सभापति ५ पटक देशको प्रधानमन्त्री बन्नुभयो, तर उहाँले ५ वर्षे कार्यकाल सम्भवत: पूरा गर्नु भएको छैन होला।"

*पुस्तान्तरण र हस्तान्तरण हुन्छ*

नेतृत्वमा पुस्तान्तरण र हस्तान्तरण नभएको जिज्ञासामा अध्यक्ष ओलीले हरेक महाधिवेशनमा पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यसपाली पनि पुस्तान्तरण र हस्तान्तरण हुन्छ। चुनाव जित्नेहरु नेतृत्वमा आउँछन्, नजित्नेहरु बाहिरिन्छन्। मेरो हकमा भने निरन्तरता मात्र हुन्छ।"

आजीवन नेतृत्वमा कोही पनि रहन नसक्ने भन्दै उहाँले थप्नुभयो, "देश र जनताको पक्षमा काम गर्ने सक्रियता रहुन्जेल काम गर्ने हो, नसक्दा छाड्ने हो। यसमा कसैले चाहँदैमा नचाहँदैमा नेतृत्व ओगटेर राख्ने विषय होइन। यो स्वभाविक प्रक्रिया हो, नसकेपछि मैले पनि छाड्नुपर्छ।"

आफूले देश र जनताको पक्षमा काम गर्दा अरुको टाउको दु:खेको उहाँले दावी गर्नुभयो। देश र जनताको पक्षमा काम गर्नु के अपराध हो? मैले देशको समृद्धिका लागि काम गरेर के गल्ती गरें? मैले काम गर्दा अरुको टाउको दु:ख्छ भने मैले के गर्न सक्छु? अरुको टाउको दुख्छ भन्दैमा मैले देश र जनताको पक्षमा काम गर्न छाड्नु हुँदैन। सकुन्जेल गर्छु।"

*कसैमाथि दवाव हुँदैन*

पूर्व प्रधानमन्त्री तथा अध्यक्ष ओलीले महाधिवेशनमा कसैमाथि करकाप र भेदभाव नगरिने बताउनुभयो। स्वस्थ प्रतिस्पर्धा गर्न चाहनेलाई प्रतिस्पर्धा गर्न दिइने तर अस्वस्थ ढंगले काम गर्न नदिइने बताउनुभयो। करकाप कसैमाथि हुँदैन। भेदभाव विनाको स्वस्थ प्रतिस्पर्धा हुन्छ, उहाँले भन्नुभयो।

पार्टी जीवनमा आँच पुग्ने खालका अस्वस्थ प्रतिस्पर्धा हुन भने नदिइने उहाँले प्रष्ट पार्नुभयो। "सकेसम्म सबैलाई मिलाउने प्रयास हुन्छ। सहमतीय हिसावले सर्वसम्मत नेतृत्व चयनको प्रयास अन्तिम समयसम्म गरिनेछ। सम्भव नभए स्वस्थ प्रतिस्पर्धा गर्ने अवसर सबैलाई हुन्छ" उहाँले भन्नुभयो।

अध्यक्षका अर्का प्रत्यासी ईश्वर पोखरेलले आफूलाई अझै अध्यक्ष हुन्छु भनेर नभनेको उहाँले बताउनुभयो। उहाँको चाहना मिडियाबाट जानकारी पाएको बताउनुभयो। "ईश्वरको आकांक्षा छ भने भन्नु होला, सम्झाउँदा उहाँ सम्झिनु होला। मेरो नेतृत्व स्वीकार गर्न उहाँलाई कुनै समस्या हुँदैन" अध्यक्ष ओलीले भन्नुभयो।

कार्यक्रम प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेको अध्यक्षतामा भएको थियो। कार्यक्रममा पार्टी नेताहरु काशीनाथ अधिकारी, पद्मा अर्याल, राजेन्द्र गौतम लगायतको सहभागिता थियो।

# ५ देशका राजदूतले राष्ट्रपतिलाई बुझाए ओहोदाको प्रमाणपत्र

दैनिक समाचारदाता

काठमाडौं, २५ मंसिर। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पाँच देशका नवनियुक्त राजदूतले ओहोदाको प्रमाणपत्र पेश गरेका छन्। राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित छुट्टाछुट्टै समारोहका बीच पाँच देशका नवनियुक्त राजदूतले ओहोदाको प्रमाणपत्र बुझाएका हुन्।

ओहोदाका प्रमाणपत्र बुझाउनेमा उज्वेकिस्तानका राजदूत सर्दोर मिर्जायुसुपोभिच रुस्तामबायेभ, रोमानियाकी राजदूत सेना लतिफ, ताजिकिस्तानका राजदूत लुक्मोर बाबाकालोन्जोदा,



आइसल्याण्डका राजदूत बेनेडिक्ट हेओस्कुल्द्सन र क्युवाका राजदूत हुवान कार्लोस मार्सान अगुइलेराले ओहोदाको प्रमाणपत्र बुझाएका छन्।

नवनियुक्त राजदूतहरूलाई लाजिम्पाटदेखि राष्ट्रपति भवनसम्म रिसल्लासहितको बग्गीमा सवारी गराइएको राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीप कुमार कोइरालाले जानकारी दिए।

# भारतीय नागरिक विमानस्थलमा पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २५ मंसिर। थाइल्याण्डबाट गाँजा बोकेर आएका एक जना भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा २२ वर्षीय विशाल कुमार रहेका छन्। उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आवगमन टनेलबाट पक्राउ गरिएको हो। उनको साथबाट १ किलो ३५० ग्राम गाँजा बरामद भएको छ।



उनी नेपाल एयरलाइन्सको उडानमार्फत् बैंककबाट बुधबार राति काठमाडौं आइपुगेका थिए। पक्राउ परेका उनलाई लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरमा बुझाइएको छ।


## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ।

नाम : मनिष कुमार ठाकुर
ठेगाना : जि.ध.शहीद नगरपालिका वडा नं. ९ गोठकोयलपुर
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४
सिम्बल नं. : २१७०१७९४
रजि नं. : ८०२१७०११०६९०
सम्पर्क नं. : ९८०१६१७९९९


# चार पहिचानवादी दलबीच एकता

दैनिक समाचारदाता

झापा २४ मंसिर। पूर्वी नेपालमा सक्रिय राष्ट्रिय मुक्ति पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी (एकता पक्षधर) र कोचिला संघर्ष समिति र संघीय लिम्बुवान पार्टी नेपाल बीच पार्टी एकता भएको छ।

चारै पक्षबीच छलफलपछि बुधबार आयोजित पत्रकार सम्मेलनमा एकता सम्झौता घोषणा गरिएको हो।

एकीकृत पार्टीको नेतृत्वमा अध्यक्ष राजेन्द्र महतो, वरिष्ठ नेता सन्जुहाङ पालुङ्वा, उपाध्यक्ष त्रिनारायण राजबंसी र मित्र लिङदेन रहने सहमति छ।

चारै पक्षले पहिचान, सभ्यता-संस्कृति संरक्षण, स्वशासन र समानताको पक्षमा उभिएका सबै शक्तिलाई वैकल्पिक राजनीतिक ध्रुवीकरणमा सहभागी हुन आह्वान गरेका छन्।

पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष महतो राष्ट्रिय मुक्ति क्रान्तिको लागि आगामी निर्वाचनलाई उपयोग गर्ने बताए।

सम्झौतामा स्वदेशवाद, बहुलराष्ट्रवाद र सामुदायिक समाजवादलाई एकीकृत पार्टीको मूल विचारधाराका रूपमा स्वीकार गरिएको छ। एकीकृत पार्टीको नाम राष्ट्रिय मुक्ति पार्टी नेपाल, र यसै



पार्टीको विधान कायम राखिने उल्लेख छ। चारै पक्षले लिम्बुवान, कोचिला, मधेश, खम्बुवान, तामाङसालिङ, नेवा, मगरात, थरुहटलगायत पहिचान आधारित स्वायत्त र विशेष राज्यहरूको स्थापना तत्कालीन एजेन्डा हुने बताएका छन्। साथै राज्यका सबै तहमा जातीय जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्न माग गरिएको छ। घोषणासभामा सम्झौता पत्र वाचन गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव सन्तोष मेहताले भने, 'देशको केन्द्रीकृत, एकात्मक र जातीय पक्षपाती राज्य संरचनालाई रूपान्तरण गरी वहुलराष्ट्रिय लोकतान्त्रिक राज्य निर्माण गर्ने संयुक्त लक्ष्य रहेको छ।'

सम्झौतामा विगतका आन्दोलन पहिचान, अधिकार आन्दोलनसँग भएका सम्झौता तत्काल कार्यान्वयन गर्न सरकारलाई दबाब दिने सहमति भएको उल्लेख छ।

भ्रष्टाचार, औपनिवेशिक मानसिकता र राज्य संरचनामा रहेको अन्याय अन्त्यका लागि कडा अभियान सञ्चालन गर्ने, जेन-जी पुस्ताले उठाएका मुद्दा सम्बोधन गर्ने र यसको निम्ति संविधान २०७२ पुनर्लेखन गर्नुपर्ने माग गरिएको छ।


यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४